CDO-KTM Reg. 355, SWC Reg. 26156

# GoGo Foundation
## असल शासन फाउण्डेशन (Good Governance Foundation)

Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process

Our Ref: 16/070-71

मिति: ११ भदौ २०७०

## प्रेस विज्ञप्ति
### कर्मचारी संङ्गठनहरू भ्रष्ट कर्मचारीका सुरक्षा कवच नबनुन् !

अख्तियारदुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारविरूद्ध केही सकारात्मक पहल गरेकोमा गोगो फाउण्डेसन "सतर्कता पूर्वक" स्वागत गर्दछ ।

तर, अख्तियारको जागरूकतासँगै भ्रष्टाचारको आरोपमा पक्राउ परेका कर्मचारीको समर्थनमा विभिन्न दलसँग आवद्ध कर्मचारी संघसङ्गठनका पदाधिकारी नै संस्थागत विरोधमा उत्रन थालेको समाचारबाट भने हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

अख्तियार जस्तो संवैधानिक निकायले थालनी गरेको भ्रष्टाचारविरूद्धको अभियानमा साथसहयोग गर्नुको बदला अनुसन्धानलाई नै प्रभाव पार्ने गरी विरोधमा उत्रनुले ति संघसङ्गठनका पदाधिकाहरूको नियत माथि शंका उब्जीएको छ । उनीहरूको यस्तो हर्कत "भत्सर्ना योग्य" काम हो भन्ने हाम्रो ठहर छ ।

साथै अनियमितता गर्ने अध्यागमन विभाग अर्न्तगत काठमाडौं एयरपोर्टमा कार्यरत केही भ्रष्ट कर्मचारीलाई अख्तियारले अनुसन्धानका लागि पक्राउ गरेको निहुँमा विभिन्न बहाना बनाएर रोजगारीका लागि विदेसिन लागेका नेपाली नागरिकलाई दुःख दिनुलाई कुनै पनि हालतमा उचित मान्न सकिन्न ।

विगत लामोसमयदेखि यस्ता संघसंङ्गठनका पदाधिकारीहरूको काम कमाउ ठाउँमा "कर्मचारी सरूवा" गर्ने, "सुविधा बढाउने" र "भ्रष्ट कर्मचारीको संरक्षण" गर्ने कार्यमा मात्रै ध्यान केन्द्रित भएको देखिन्छ । त्यसैले संघसंङ्गठनहरूको यस्तै रवैया कायम रहने हो भने यिनको औचित्य माथि नै बिचार गर्न ढिलो गर्नुहुँदैन । र, बदनियतपूर्ण काममा संलग्न हुने त्यस्ता संघसंङ्गठनका पदाधिकारीमाथि पनि अनुसन्धान शुरु गर्नुपर्छ भन्ने हामी जोडदार माग गर्दछौं ।

आउनुहोस्, मुलुकमा "भ्रष्टाचारविरूद्ध सून्यसहनशिलता"को विकास गर्न सँगै मिलेर काम गरौं ।

केदार खडका
अध्यक्ष
गोगो फाउण्डेसन

PO Box: 11229 Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal Tel/Fax: +977 1 4227703 Email: info@gogofoundation.org www.gogofoundation.org